# निजी वनको साल प्रजातिको रुख कटान तथा ओसारपसारको अनुगमन सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०८२

प्रस्तावनाः

नेपाल सरकार वन तथा वातावरण मन्त्रालयले खण्ड ७३, संख्या ३८, मिति २०८०।०८।०७ गतेको नेपाल राजपत्र भाग ५ मा प्रकाशन गरेको सूचना १ को ५ (ग) मा दर्ता भएको निजी वनमा लगाइएका वा हुर्काइएका साल प्रजातिको रुख कटान, उपभोग, ओसारपसार र विक्री वितरण गर्न खुल्ला गरी प्रदेश सरकारले आवश्यक अनुगमन गर्नुपर्ने व्यवस्था गरेकोले निजी वनमा रहेका साल प्रजातिका रुखको कटान, सङ्कलन, ओसारपसार, विक्री वितरण तथा उपभोगलाई सहज बनाई अनुगमनलाई प्रभावकारी बनाउन कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

पर्यटन, वन तथा वातावरण मन्त्रालयले कोशी प्रदेश, प्रदेश वन ऐन, २०७७ को दफा ९४ ले दिएको अधिकार प्रयोग गरी **"निजी वनको साल प्रजातिको रुख कटान तथा ओसारपसारको अनुगमन सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०८२"** जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो मापदण्डको नाम **"निजी वनको साल प्रजातिको रुख कटान तथा ओसारपसारको अनुगमन सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०८२"** रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) **"अधिकार प्राप्त अधिकारी"** भन्नाले सम्बन्धित डिभिजन वन कार्यालयको डिभिजनल वन अधिकृत सम्झनु पर्छ र सो शब्दले त्यस्तो अधिकृत नियुक्त नभएको अवस्थामा प्रदेशको प्रचलित कानून बमोजिम तोकिएको अधिकृत र अधिकार प्राप्त अधिकारीले खटाएको कम्तीमा सातौं तहको वन अधिकृत प्रतिनिधिलाई समेत जनाउँछ।

(ख) **"निजी वन"** भन्नाले कुनै व्यक्ति वा संघ र संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्काई वा संरक्षण गरी वन सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भएको निजी वन सम्झनु पर्छ।

(ग) **"निर्देशनालय"** भन्नाले मन्त्रालय अन्तर्गतको वन निर्देशनालयलाई सम्झनु पर्छ ।

(घ) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेशको पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई सम्झनु पर्छ।

(ङ) **"रुख"** भन्नाले डिप्टेरोकार्पेसी (Dipterocarpaceae) परिवार अन्तर्गत पर्ने वानस्पतिक नाम सोरिया रबुस्टा (*Shorea robusta*) भएको साल प्रजातिका वनस्पतिलाई सम्झनु पर्छ ।

३. ईजाजत लिनुपर्नेः निजी वन धनीले प्रचलित वन ऐन र नियमावलीको अधिनमा रही वन सम्बन्धी प्रचलित प्रदेश कानुनले तोकेको निकायवाट कटान ईजाजत लिएर मात्र रुख कटान गर्नु पर्नेछ ।

४. नापजाँच तथा छपान सम्बन्धी व्यवस्थाः (१) रुख कटान पूर्व प्रचलित वन ऐन र नियमावलीको अधिनमा रही निजी वनको रेखांकन गरी त्यस्तो वनभित्र पर्ने रुखको यकिन गरी कटान गर्नुपर्ने रुखको नापजाँच तथा छपान नम्वरिङ्ग गर्नु पर्नेछ ।

विशाल घिमिरे
प्रदेश सचिव

(२) अधिकार प्राप्त अधिकारीले कटान तथा सङ्कलन गर्नुपर्ने रुखको जिपिएस को-अर्डिनेट सहितको काण्ड नक्शाङ्कन (स्टेम म्यापिङ्ग) गरी इस्टिमेटेड पोजिसनल इरर (ईपीई) समेत खुलेको विवरण तयार गरी छपान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम छपान गरिएको रुखको वन सम्बन्धी प्रचलित कानून बमोजिम मूल्याङ्कन गरी लगत तयार गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम छपान गरिएको रुखको छपान नम्बर देखिने गरी र पूरै रुख देखिने गरी छुट्टाछुट्टै फोटो लिई उपदफा (३) बमोजिम तयार गरिने लगतसाथ रङ्गिन फोटो संलग्न गर्नु पर्नेछ।

५. <u>स्थानीय तहबाट दिइने कटान ईजाजतको प्रकृया र अनुगमन सम्बन्धी व्यवस्थाः</u> (१) प्रचलित वन ऐन बमोजिम स्थानीय तहबाट कटान ईजाजत दिइने रुखको अधिकार प्राप्त अधिकारीले कम्तीमा २५ प्रतिशत रुखको छपान चेकजाँच गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अधिकार प्राप्त अधिकारीले छपान चेकजाँच गरी डिभिजन वन कार्यालय मार्फत छपान चेकजाँच प्रतिवेदन सहित कटान सहमती स्थानीय तहमा पठाउनु पर्नेछ र स्थानीय तहले निजी वन धनीलाई कटान ईजाजत दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दिएको कटान ईजाजत बमोजिम निजी वन धनीले कटान गरी घाटगद्दीमा सङ्कलन गरेको काठ दाउराको लगतको घाटगद्दी चेकजाँचका लागि सम्बन्धित स्थानीय तहले सम्बन्धित डिभिजन वन कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त हुन आएको काठ दाउराको लगतका आधारमा अधिकार प्राप्त अधिकारीले २५ प्रतिशत घाटगद्दी चेकजाँच गरी डिभिजन वन कार्यालय मार्फत घाटगद्दी चेकजाँच प्रतिवेदन स्थानीय तहमा पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि स्थानीय तहले काठ दाउराको स्थानान्तरण इजाजत/छोडपूर्जि दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम स्थानान्तरण इजाजत/छोडपूर्जी दिंदा स्थानीय तहले काठमा लगाउने चिन्ह वा संकेतको लागि डिभिजन वन कार्यालयमा अनुरोध गरेमा डिभिजन वन कार्यालयको टाँचा तथा सिल वन कर्मचारीले प्रयोग गर्न सक्नेछ।

(७) स्थानीय तहले आफ्नो क्षेत्रभित्रको दर्ता भएका निजी वनबाट कटान तथा ओसारपसारको अनुमति दिएका निजी वन तथा वन पैदावारको नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

(८) निजी वन धनीले आफ्नो कटान भएको रुखबाट उत्पादित गोलिया काठ दाउराको प्रयोजन परिवर्तन गर्ने मनसाय राखी जिल्ला बाहिर विक्री वितरण गर्ने वा अन्य जिल्लामा ओसारपसार गर्नु पर्ने भएमा सम्बन्धित स्थानीय तहको सहमतीमा डिभिजन वन कार्यालयबाट इजाजत/छोडपूर्जि लिनु पर्नेछ ।

६. <u>डिभिजन वन कार्यालयबाट दिइने कटान ईजाजतको प्रक्रिया र अनुगमन सम्बन्धी व्यवस्थाः</u>

(१) सम्बन्धित सव डिभिजन वन कार्यालयबाट छपान मूल्यांकन गरी कटान इजाजतका लागि डिभिजन वन कार्यालयमा पेश भएपश्चात डिभिजनल वन अधिकृत वा डिभिजनल वन अधिकृतले तोकेको वन अधिकृत छैठौं वा सो भन्दा उपल्लो दर्जाको वन प्राविधिकले ५ प्रतिशतसम्म छपान चेकजाँच गर्नुपर्नेछ।

विशाल घिमिरे
प्रदेश सचिव

(२) उपदफा (१) बमोजिम छपान चेकजाँच गरी प्रतिवेदन प्राप्त भए पछि डिभिजन वन कार्यालयले निजी वन धनीलाई कटान ईजाजत दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको कटान ईजाजत बमोजिम निजी वन धनीले कटान गरी घाटगद्दीमा सङ्कलन गरेको काठ दाउराको डिभिजनल वन अधिकृत वा निजले तोकेको वन अधिकृत छैठौं वा सो भन्दा उपल्लो दर्जाको वन प्राविधिकले ५ प्रतिशतसम्म घाटगद्दी चेकजाँच गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम घाटगद्दी चेकजाँच गरी प्रतिवेदन प्राप्त भए पछि डिभिजन वन कार्यालयले काठ दाउराको स्थानान्तरण इजाजत/छोडपूर्जि दिनुपर्नेछ ।

(५) डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र निजी वनबाट कटान तथा ओसारपसारको अनुमति दिएका निजी वन तथा वन पैदावारको नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

(६) यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि यस कार्यविधि अनुरुपको कटान तथा घाटगद्दी लगायतका जुनसुकै चरणहरुमा आवश्यक ठानेमा प्रदेश वन निर्देशकले आफै वा आफू मातहतको वन अधिकृत सातौं वा सो भन्दा उपल्लो दर्जाको वन प्राविधिक खटाई अनुगमन प्रतिवेदन लिन सक्नेछ।

७. <u>आदेश दिन सक्ने</u>: यस कार्यविधि बमोजिम छपान र घाटगद्दी चेकजाँच गर्दा यस कार्यविधि र वन सम्बन्धी प्रचलित कानून बमोजिम भएको नपाइएमा चेकजाँच गर्ने अधिकार प्राप्त अधिकारीले यस कार्यविधि र वन सम्बन्धी प्रचलित ऐन कानून विपरित भएको हदसम्म कारण उल्लेख गरी छपान बदर गर्न वा छपान वा घाटगद्दी सच्याउन आदेश दिन सक्नेछ।

८. <u>जानकारी दिनु पर्ने</u>: डिभिजन वन कार्यालयले दिएको निजी वनको साल रुखको कटान ईजाजत र स्थानान्तरण इजाजत/छोडपूर्जिको जानकारी सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ र स्थानीय तहले पनि यस्तो जानकारी डिभिजन वन कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

९. <u>कटान रजिष्टर तयार गर्नु पर्ने</u>: रुख कटान गरिसकेपछि निजी वन धनीले कटान कार्यको अनुगमन गर्न खटाइएको वन प्राविधिकको सहयोगमा कटान भएको गोलियामा इनामेलले छपान बमोजिमको रुख नम्बर र गोलिया नम्बर लेखी अनुसूची -१ बमोजिमको कटान रजिष्टर तयार गर्नु पर्नेछ।

१०. <u>घाटगद्दि रजिष्टर तयार गर्नु पर्ने</u>: कटान रजिष्टरमा उल्लेखित गोलिया काठ एवं दाउरा निजी वन धनीले संकलन गरी तोकिएको स्थानमा घाटगद्दी गरी कटान कार्यको अनुगमन गर्न खटाइएको वन प्राविधिकको सहयोगमा अनुसूची - २ बमोजिमको घाटगद्दी रजिष्टर तयार गर्नु पर्नेछ ।

११. <u>प्रतिवेदन पेश गर्नु पर्ने</u>: (१) यस कार्यविधि बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रमा निजी वनबाट उत्पादित काठ, दाउराको लगत र अनुसूची-३ बमोजिमको चेकलिष्ट राखी मासिक रुपमा सम्बन्धित डिभिजन वन कार्यालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) यस कार्यविधि बमोजिम निजी वनबाट उत्पादित काठ, दाउराको लगत र अनुसूची-३ बमोजिमको चेकलिष्ट राखी डिभिजन वन कार्यालयले मासिक रुपमा निर्देशनालयमा प्रतिवेदन पठाउनु पर्नेछ।

विशाल घिमिरे
प्रदेश सचिव

(३) यस कार्यविधि बमोजिम कटान भई उत्पादन भएको काठ दाउराको विवरण र सम्बन्धित तथ्यांकहरु प्रदेश वन निर्देशनालयले संकलन र एकिकृत गरी त्रैमासिक रुपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

१२. <u>गोलिया चिरान गरी ढुवानी गर्न सकिने:</u> भौगोलिक विकटताको कारण गोलिया काठ तोकिएको घाटगद्दीसम्म ढुवानी हुन नसक्ने अवस्था भएमा कटान गर्न ईजाजत दिने निकायको स्वीकृति लिई गोलिया काठ चिरान गरी चिरान रजिष्टर तयार गरी चिरान काठ घाटगद्दीसम्म ढुवानी गर्न सकिनेछ ।

१३. <u>यस कार्यविधि बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लिखित विषय यसै वमोजिम र सो बाहेकका अन्य विषय वन सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।

१४. <u>संशोधन गर्न सकिने:</u> प्रदेश सरकारले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।

विशाल घिमिरे
प्रदेश सचिव

अनुसूची १

(दफा ९ सँग सम्वन्धित)

कटान रजिष्टरको नमूना

................................................ कार्यालयको च.नं. ............., मिति .............................. को ईजाजत पत्रानुसार .......................... गाउँ/नगरपालिका .................. वडा नं. ............... नक्शा सिट नं. .......................... , कित्ता नं. .................. मा रहेको ....(जग्गाधनी)............................ को निजी वनका रुखहरु कटान गरी प्राप्त भएका गोलिया काठ तथा दाउराको कटान रजिष्टर ।

| क्र.सं. | प्रजाति | कटान भएको रुखको छपान नं. | प्राप्त गोलिया विवरण | | | थान वा संख्या | काठ परिणाम (क्यू. फि.) | ग्रेड | दाउरा (चट्टा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गोलिया नं. | गोलाइ (ईन्चमा) | लम्बाइ (फिटमा) | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

कटान रजिष्टर तयार गर्ने वन प्राविधिकको रोहवर

दस्तखतः

नाम :

पद :

मिति :

निजी वन धनी तथा निजको प्रतिनिधि

दस्तखतः

नाम :

पद :

मिति :

नोट : गोलिया नं. लेख्दा रुख नं. अब्लिक गोलिया नं. जस्तै - छपान रुख नं. ४ बाट तीन वटा गोलिया प्राप्त भएमा पहिलोलाई ४/१, दोस्रोलाई ४/२ र तेस्रोलाई ४/३ हुने गरी लेख्नुपर्नेछ ।

विशाल घिमिरे
प्रदेश सचिव

अनुसूची - २

(दफा १० सँग सम्वन्धित)

## घाटगद्दी रजिष्टरको नमूना

................................................... कार्यालयको च.नं. .............., मिति ............................... को ईजाजत पत्रानुसार .......................... गाउँ/नगरपालिका .................. वडा नं. .............. नक्शा सिट नं. ........................., कित्ता नं. .................. मा रहेको ....(जग्गाधनी)............................ को निजी वनका रुखहरु कटान गरी प्राप्त भएका गोलिया काठ तथा दाउराको घाटगद्दी रजिष्टर ।

| घाटगद्दी क्र.सं. | गोलिया नं | जात | नापसाइज (गो.ई.* ल.फि.) | ग्रस आयतन (क्यू.फि.) | धोद साइज (गो.ई.*ल.फि) | धोद आयतन (क्यू.फ..) | नेट आयतन (क्यू.फि) | ग्रेड | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

साल जातको दाउरा चट्टा . . . . . . .

घाटगद्दी रजिष्टर तयार गर्ने वन प्राविधिकको

दस्तखतः

नाम :

पद :

मिति :

निजी वन धनी तथा निजको प्रतिनिधि रोहवर

दस्तखतः

नाम :

पद :

मिति :

विशाल घिमिरे
प्रदेश सचिव

## अनुसूची–३

(दफा ११ को उपदफा (१) र उपदफा (२) सँग सबन्धित)

**चेकलिष्टको नमूना**

| डिभिजन वन कार्यालयको अधिकार प्राप्त अधिकारीले हेरिएका र तयार पारिएका कागजात | स्थानीय तहबाट दिइने कटान ईजाजतको प्रक्रियाका लागि हेरिएका कागजातहरु | डिभिजन वन कार्यालयबाट दिइने कटान ईजाजतको प्रक्रियाका लागि हेरिएका कागजातहरु |
|---|---|---|
| निजी वन धनीको निवेदन | छपान चेकजाँच गरी पेश गरेको प्रतिवेदन | छपान चेकजाँच गरी पेश गरेको प्रतिवेदन |
| जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि | स्थानीय तहले दिएको कटान ईजाजत | डिभिजन वन कार्यालयले दिएको कटान ईजाजत |
| नागरिकताको प्रमाणपत्रको प्रतिलिपि | घाटगद्दीमा सङ्कलन भएको काठ दाउराको लगत सम्बन्धित स्थानीय तहले घाटगद्दी चेकजाँचको लागि पठाएको पत्र | घाटगद्दीमा सङ्कलन भएको काठ दाउराको लगत चेकजाँचको लागि डिभिजन वन कार्यालयले तोकेको पत्र |
| नापी कार्यालयबाट प्रमाणित भएको जग्गाको कित्ता नम्बर खुलेको नक्शा र फिल्डबुकको प्रतिलिपि | अधिकार प्राप्त अधिकारीले पेश गरेको घाटगद्दी चेकजाँचको प्रतिवेदन | घाटगद्दी चेकजाँचको प्रतिवेदन |
| कटान तथा सङ्कलन गर्नुपर्ने रुखको जिपिएस को-अर्डिनेट सहितको काण्ड नक्शाङ्कन (स्टेम म्यापिङ्ग) गरी इस्टिमेटेड पोजिसनल इरर (ईपीई) समेत खुलेको विवरण | स्थानान्तरण इजाजत/छोडपूर्जिका लागि स्थानीय तहमा लेखी पठाएको पत्र | स्थानान्तरण इजाजत/ छोडपूर्जिका लागि डिभिजन वन कार्यालयमा लेखी पठाएको पत्र |
| मूल्याङ्कन गरी तयार पारिएको लगत | स्थानान्तरण इजाजत/छोडपूर्जी दिंदा रुखमा लगाउन अनुमति दिएको चिन्ह वा संकेतका लागि डिभिजन वन कार्यालयको टाँचा/सिल प्रयोग गर्न अनुरोध भए नभएको | चेकजाँच गर्ने निकायबाट तोकिएको कर्मचारीको नामः-<br>पदः-<br>हस्ताक्षरः-<br>मितिः- |
| रुखको छपान र पूरै रुख देखिने गरी लिएको छुट्टाछुट्टै रङ्गिन फोटो | चेकजाँच गर्ने कर्मचारीको नामः-<br>पदः-<br>हस्ताक्षरः-<br>मितिः- | |
| चेकलिष्ट तयार पार्ने कर्मचारीको नामः-<br>पदः-<br>हस्ताक्षरः-<br>मितिः- | | |

विशाल घिमिरे
प्रदेश सचिव